# नेपाल विद्युत प्राधिकरण

## खिम्ती-ढल्केवर २२० के.भी. प्रशारण लाईन

## जोखिम समुदाय विकास योजना प्रतिवेदन


तयार गर्ने

वातावरण तथा सामाजिक अध्ययन विभाग

खरिपाटी, भक्तपुर

## १.१. पृष्टभूमीः

भू-परिवेष्ठित मुलुक नेपालमा रहेका नदीनालाहरुबाट अत्याधिक मात्रामा जलविद्युत उत्पादन गर्न सक्ने सम्भाव्यता रहेतापनि पर्याप्त मात्रामा विद्युत उत्पादन हुन सकेको छैन । हालका दिनहरुमा नेपालमा विजुलीको माग अत्याधिक मात्रामा बढेको तर सोहि अनुपातमा आपूर्ती बढ्न नसकेको कारण माग र आपूर्ति विच असन्तुलन पैदा हुन गई नेपालीहरुले लामो समयको लोडसेडिङको सामना गरिरहनु परेको छ । नेपालमा वार्षिक औषत २०% का दरले विजुलीको माग वढीरहेको छ तर सोही बमोजिम आपूर्ति वढाउन सकिएको छैन ।

एकातर्फ नेपालमा विजुलीको उत्पादन पर्याप्त मात्रामा वढाउन सकिएको छैन्  भने अर्को तर्फ उत्पादित विजुलीलाई पनि उपयुक्त प्रसारण लाइनको अभावमा प्रसारण गर्न सकिएको छैन । नेपालमा विद्यमान रहेको १३२ के.भी. प्रसारण लाइनहरुबाट विद्यमान जलविद्युत आयोजनाले उत्पादन गरेको विद्युतलाई पूर्ण क्षमतामा प्रसारण गर्न सकिएको छैनन भने विद्युत अभावको बेलामा छिमेकी मुलुक भारतबाट विद्युत आयात गर्न पनि सकिएको छैन । तसर्थ, नेपालमा उच्च भोल्टेजको प्रसारण लाइनको निर्माण प्रमुख आवश्यकताको रुपमा रहेको छ ।

“खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाइन आयोजना” नेपालमा निर्माणधिन २२० के.भी. को पहिलो प्रसारण लाइन आयोजना हो । यस आयोजनालाई विश्व बैंकले लगानी गरेको छ । विश्व बैंकद्धारा लगानीयुक्त कुनैपनि आयोजनाहरु कार्यान्वयन गर्दा नेपालको प्रचलित ऐन,नियम तथा विश्व बैंकका वातावरण तथा सामाजिक सुरक्षा नीति/मार्गदर्शनहरुको पूर्ण पालना गर्नुपर्ने हुन्छ । सोहि बमोजिम (विश्व बैंकको सुरक्षा नीति) प्रस्तुत जोखिम समुदायको विकास योजना तयार गरिएको हो ।

## १.२. उद्धेश्यः

जोखिम समुदाय विकास योजनाका उद्धेश्यहरु निम्न बमोजिम छन् ।

- जोखिम समुदाय विकास योजनाको तर्जुमा, कार्यान्वयन तथा अनुगमन जस्ता हरेक क्षेत्रमा प्रभावित पिछडिएका वर्ग तथा उत्पिडित समुदायलाई सहभागि गराउने ।
- जोखिम समुदायलाई आयोजना क्षेत्रमा पर्ने प्रभावको बारेमा जानकारी गराउने तथा सो को विश्लेषण  गर्ने । साथै आयोजनाद्धारा संचालित विभिन्न क्रियाकलापहरुको वारेमा जानकारी गराउने ।
- विभिन्न क्रियाकलाप संचालन तथा गुनासो  व्यवस्थापनको सम्वन्धमा संगठनात्मक संरचनाको विकास गर्ने ।
- जोखिम समुदायको व्यवस्थित तथा योजनावद्ध विकास प्रवर्द्धनका उपायहरुमा उनीहरुलाई सहयोग  गर्ने ।
- विभिन्न विकास कार्यक्रम संचालन गर्न लाग्ने लागत अनुमान गर्ने ।

## १.३. क्षेत्राधिकार :

यस अध्ययन क्षेत्राधिकार अन्तर्गत प्रभावित पिछडिएका वर्ग, उत्पिडित समुदाय तथा अन्य सरोकारवालाहरुसंगको अन्तरकृया, घरधुरी सर्वेक्षण, प्रभाव मूल्यांकन अध्ययन तथा विकास कार्यक्रमहरुको कार्यान्वयन आदिको अध्ययन पर्दछन् ।

## १.४. प्रविवेदन ढाँचाः

यस प्रतिवेदनमा जम्मा १० अध्याय रहने छ । अध्याय १ मा परिचय, अध्याय २ मा आयोजनाको विवरण, अध्याय ३ मा अध्ययन कार्यविधि, अध्याय ४ मा विद्यमान नीतिहरु, कानुनी व्यवस्था, निर्देशिका तथा सम्मेलन, अध्याय ५ मा सामुदायिक अन्तक्रिया तथा सहभागिता, अध्याय ६ मा पिछडिएका वर्ग तथा उत्पिडित समुदायको सामाजिक आर्थिक अवस्था, अध्याय ७ मा अभिवृद्धिका उपायहरुको विस्तृत विवरण, अध्याय ८ मा कार्यान्वयन सयन्त्र तथा संस्थागत व्यवस्था, अध्याय ९ मा अनुगमन तथा मूंल्याकन सयन्त्रको विवरण तथा अध्याय १० मा अनुमानित वजेटको विस्तृत विवरण उल्लेख गरेको छ ।

# २. आयोजनाको विवरण

## २.१ आयोजना क्षेत्र

प्रस्तुत आयोजना नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अंचलमा अवस्थित छ । यस आयोजना अर्न्तगत जनकपुर अंचलको ५ जिल्लाहरु (दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी तथा धनुषा) पर्दछन् । आयोजनासंग सम्वन्धित सडक मार्गहरुमा किर्ने-मन्थली, खुर्कोट जिल्ला सडक, बनेपा बर्दिबास सडक तथा पूर्व पश्चिम राजमार्ग आदि पर्दछन् ।

## २.२ प्रसारण लाईन मार्ग (रुट)

प्रस्तुत प्रसारण लाईन खिम्ती सवस्टेशन नजिकैको किर्नेटारबाट शुरु भई ढल्केवर सवस्टेशनमा गएर सकिन्छ । यस आयोजना मार्गमा ५ जिल्लाका १६ गा.वि.स.हरु तथा १ नगरपालिका पर्दछन् ।

## २.३. आयोजना परिचय

करिब ७३ कि.मी. लम्वाई रहेको यस प्रसारण लाइन आयोजनाको १५ मि. दाया र १५ मि. वायाको प्रसारण लाइन अधिकार क्षेत्र (RoW) हुनेछ । एउटा टावर निर्माणको लागि १२.५ मि. x १२.५ मि. जमिनको आवश्यकता पर्दछ । यस आयोजनामा निर्माण गर्नुपर्ने कूल १८८ वटा टावरहरु मध्ये १ दोलखा जिल्ला, ५२ रामेछाप, ८२ सिन्धुली १२ महोत्तरी तथा ४१ धनुषा जिल्लामा रहेका छन् । कुल १८८ टावरहरुमध्ये १८१ टावरहरु निर्माण भईसकेका छन भने वाँकी ७ टावरहरु निर्माण गर्न बाँकी रहेका छन् ।

## ३ अध्ययन कार्यविधी :

अध्ययन कार्यविधीमा निम्न विधीहरुको प्रयोग गरिएको छ : सरोकारवालाहरुको पहिचान, उपलब्ध प्रकाशित सामग्रीको पुनरावलोकन, सहभागिता मूलक अन्तरक्रिया कार्यक्रम, प्रभावित पिछडिएका तथा जोखिम समुदायहरुको सामाजिक/आर्थिक सर्वेक्षण, भौगोलिक नक्शा तयारी, स्थलगत निरिक्षण, सरकारी पदाधिकारीहरु, प्रभावित घरपरिवारहरु, स्थानिय नेता तथा जिल्लास्तरिय सरोकारवाला तथा गा.वि.स. प्रतिनिधिहरु संग अनौपचारीक छलफल आदि ।

### ३.१ आयोजना क्षेत्र निर्धारण :

अध्ययन क्षेत्रको सामाजिक आर्थिक तथा सांस्कृतिक तथ्याङ्क संकलन गर्न अध्ययन क्षेत्रलाई २ भागमा विभाजन गरिएको छ ।

मूल आयोजना क्षेत्र (Core Project Area) : प्रसारण लाईनको दाँयावाँया गरी जम्मा ३० किलो मिटर अधिकार क्षेत्र (Row)। त्यसै गरि प्रसारण लाईनवाट करीव ५०० कि.मि. को क्षेत्रमा रहेको घर टहरा वा बस्तीहरुलाई मूल आयोजना क्षेत्रभित्र राखिएको छ । यस्तो क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र पनि भनिन्छ ।

आसपासको क्षेत्र (Surrounding area): आयोजनाले छुने सम्पूर्ण गा.वि.स. तथा नगरपालिकाहरु आसपासको क्षेत्र अन्तर्गत पर्दछन् । यस्तो क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्र पनि भनिन्छ ।

### ३.२ नेपालको सन्दर्भमा जोखिम वर्ग :

नेपालको सन्र्दभमा जोखिम समूह भन्नाले त्यस्तो समूह तथा सिमान्तिकृत किसानहरुलाई जनाउदछ जसको भूमीमा कुनै पनि स्वामित्व हुदैन । जो बाच्नको लगि संघर्ष गरिरहेका हुन्छन् । यस्ता समूदायहरुको सार्वजनिक सम्पतीहरुमा कुनै पहुंच हुदैन भने राष्ट्रिय नीति निर्माण, योजना, निर्णय प्रकृया तथा विकास कार्यक्रमहरुमा कुनै पनि किसिमको सहभागिता हुदैन । आदिवासी, जनजाती तथा दलितहरु, एकल महिला विधुवा तथा शारिरिक रुपले अशक्तहरु यस समूहमा पर्दछन् ।

### ३.३ सरोकारवालाहरुको पहिचान तथा परामर्श :

आयोजनाका प्रमुख सरोकारवालाहरुमा आयोाजना प्रभावित परिवार, प्रभावित समुदाय, पिछडिएका वर्गहरु, उत्पिडित समुह, स्थानिय सरकारी निकायका प्रतिनिधिहरु, गै.स.स., सामुदायिक संघ संस्थाहरु, सामुदायिक बन उपभोक्त समिति, महिला संगठन, शिक्षक, राजनितिक दलका प्रतिनिधीहरु आदि पर्दछन् ।

### ३.४ नमूना अध्ययन (Sample Distribution) :

यस अध्ययन प्रतिवेदनले ५ जिल्लाका १६ गा.वि.स.हरु तथा १ नगरपालिकालाई समेटेको छ । प्रसारण लाइन आयोजनावाट प्रत्यक्ष प्रभावित ९२ पिछडिएका वर्ग तथा जोखिम समूदायहरु मध्ये ५८ परिवारहरुको नमूना अध्ययन सर्वेक्षण, ५१ वटा सहभागिता मूलक छलफल कार्यक्रम तथा १७ जना मूख्य सुचनादाताहरुसंग अर्न्तवार्ता संचालन गरिएको छ ।

**३.५ स्थलगत अध्ययन कार्यको तयारी :**

विभिन्न पूर्व परिक्षण तथा अध्ययनको आधारमा अध्ययन स्थलमा प्रयोग गरिने विधीहरु निश्चित गरिएको छ भने स्थलगत अध्ययन कार्यको लागि २०७० पुष १९ देखि अध्ययन टोली परिचालन गरिएको थियो ।

**३.६ तथ्याङ्क विश्लेषण :**

स्थलगत निरिक्षणवाट सम्पूर्ण तथ्याङ्कहरु संकलन गरिसकेपछि त्यसलाई विज्ञहरुको सहयोगमा कम्प्यूटर सफ्टवेयरको प्रयोग गरि विश्लेषण गरिएको छ ।

## ४.	नीति नियम, निर्देशिका, कानुन तथा सम्मेलनको समिक्षा :

### ४.१	पृष्टभूमी

यस अध्ययमा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय ऐन, कानुन, नीति, नियम तथा निर्देशिका, जसको अधिनमा रहेर आयोजना संचालन गरिएको छ, आदिहरुको व्याख्या गरिएको छ ।

### ४.२	संविधान, योजना, नीति, निर्देशिका तथा कानुन ।

४.२.१ सविधान, योजना तथा नीतिहरु ।

४.२.१.१	अन्तरीम संविधान २०६३ ।

४.२.१.२	तेह्रौ त्रिवर्षिय योजना ( २०७०।७१ -२०७२।७३)

४.२.१.३	जलस्रोत विकास नीति २०५८

४.२.२ ऐनहरु

४.२.२.१	जग्गा प्राप्त अधिकरण ऐन २०३३

४.२.२.२	श्रम ऐन २०४८

४.२.२.३	भूमी सुधान ऐन २०२१

४.२.३ नीति नियमहरु

४.२.३.१	विद्युत नियमावली २०४८

४.२.४ निर्देशिका

४.२.४.१	राष्ट्रिय वातावरणिय प्रभाव मूल्याङ्कन निर्देशिका, २०४३

४.२.४.२	कृषि क्षेत्रको लागि वातावरणिय प्रभाव मूल्याङ्कन निर्देशिका २०५९

### ४.३ आदिवासी तथा पिछडिएका वर्गको लागि अन्तरराष्ट्रिय श्रमिक संगठन सम्मेलन १९८९ (न १६९)

## ४.४ विश्व बैकको सुरक्षा नीीतहरु ।

४.४.१ ओ.पी. ४.१२ – अस्वेच्छिक पूर्नवास

४.४.२ ओ.पी.४१० – पिछडिएका वर्गहरु

४.४.३ सुचनाको हक सम्बन्धि विश्व वैंकको नीति

## ५. सामुदायिक छलफल तथा सहभागिता :

आयोजना सम्बन्धि सरोकारवालाहरुलाई आयोाजनाको प्रगति, क्रियाकलाप तथा आयोजनाले पार्ने प्रभावहरुको वारेमा नियमित सुचना प्रवाह गरि सूचना आदान प्रदान गर्न तथा आयोजना सम्बन्धि जुनसुकै निर्णय प्रकृयामा पनि सहभागि बनाएर सौहार्दपूर्ण वातावरण सिर्जना गर्न आयोजनाले सामुदायिक सहभागिता तथा छलफललाई वढि केन्द्रित गरेको छ ।

### ५.१ सहभागिता तथा छलफल प्रकृया :

सहभागिता तथा छलफल प्रकृया अन्तर्गत पिछडिएका तथा उत्पिडित वर्गहरुसंग सहभागिता मुलक अन्तकृया, मूख्य जानकारहरुसंग अन्तवार्ता, आयोजनावाट प्रत्यक्ष प्रभावित परिवार (पिछडिएका तथा जोखिम) हरुको घरधुरी सर्वेक्षण, मुख्य सरोकार व्यक्तिहरुसंगको अनौपचारीक छलफल जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् ।

कुल ५१ वटा सहभागिमुलक अन्तकृया कार्यक्रम संचालन गरिएका छन् (२८ दलितहरुसंग र २३ पिछडिएका वर्गहरुसंग) जसमा कुल सहभागिता संख्या ७७५ जना रहेका छन् ।

#### ५.१.१ पिछडिएका वर्गहरुसंगको अन्तरकृया :

आयोजना प्रभावित सम्पूर्ण गा.वि.स.हरु र नगरपालिकामा गरेर कूल २३ वटा अन्तरकृया कार्यक्रमहरु पिछडिएका वर्गहरुसंग संचालन गरिएको छन् । यस्ता अन्तरकृया कार्यक्रममा कूल सहभागि संख्या ३९१ रहेको छ जसमा पुरुष ५६.८ प्रतिशत र महिला ४३.२ प्रतिशत रहेको छ । तामाङ्ग, माफ्री, मगर, नेवार, भूजेल तथा अन्य जातजाती उक्त कार्यक्रममा सहभागि भएका थिए ।

#### ५.१.२ दलित समूदायसंगको अन्तरकृया :

आयोजना प्रभावित दलितहरुसंग कूल २८ वटा अन्तरकृया कार्यक्रमहरु संचालन गरिएका छन् जसमा कुल सहभागि ३८४ (पुरुष ५०.५ प्रतिशत र महिला ४९.५ प्रतिशत) रहेको छ । यस्ता दलितहरुमा सवैभन्दा वढि सहभागी कामी (३८.८ प्रतिशत) रहेका छन् भने दमाई(३३.६ प्रतिशत), सार्की (२१.१ प्रतिशत) तथा अन्य (६.८ प्रतिशत)को पनि उल्लेख्य सहभागिता रहेको छ । यी दलितहरु मध्ये ज्यादै कमले मात्र उच्च शिक्षा प्राप्त गरेका छन् भने कृषि नै उनीहरुको प्रमुख पेशा रहेको छ ।

**५.१.३ अन्य सरोकारवालाहरुसंग अन्तरकृया :**

आयोजना प्रभावित प्रत्येक गा.वि.स तथा नगरपालिका लाई प्रतिनिधित्व गर्ने गरि कूल १७ जना मूख्य सूचनादाताहरुसंग अन्तर्वाता लिइएको छ । यस्ता सुचनादाताहरुमा गा.वि.स. सचिवहरु, शिक्षक, व्यापारी, सामाजिक कार्यकर्ता, गै.स.स. तथा अन्य बुद्धिजिवीहरु पर्दछन् ।

त्यसैगरी विभिन्न व्यक्ति, समुदाय तथा समितिहरुसंग अनौपचारिक छलफल तथा परामर्श गरिएको छ । यस्ता छलफलहरु विशेष गरि खिम्ती-ढल्केबार २२० के.भी. प्रसारण लाईन आयोजना प्रभावित व्यक्तिहरुको संघर्ष समिती, सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाका सरकारी कर्मचारीहरु, जिल्ला स्तरिय राजनितिक व्यक्तिहरु तथा अन्य सरोकारवालाहरुसंग लिईएको छ ।

**५.२ सामूदायिक अन्तरकियावाट उठेका प्रमुख सवालहरु :**

समूदायहरुसंग गरिएको विभिन्न छलफल तथा अन्तरकृयाबाट निस्किएका प्रमुख मुद्दाहरु विशेष गरी रोजगारी, क्षतिपूर्ती, प्रभाव न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुको शिध्र कार्यान्वयन, आयोजनाका क्रियाकलापहरुमा समूदायको सहभागिता आदि रहेका छन् ।

**सामुदायिक अन्तरकियाका सवालहरु :**

- क्षतीपूर्तीको उचित व्यवस्थापन गर्नुपर्ने ।
- प्रभावित परिवारको पूर्नवासको व्यवस्था गर्नुपर्ने ।
- प्रसारण लाईन अधिकार क्षेत्रभित्रको भूमीको न्यून मूल्याङ्कन ।
- आयोजना निर्माण चरणमा दलित तथा जनजातीहरुलाई रोजगारीमा पहिलो प्राथमिकता दिनुपर्ने ।
- चिया तथा कफी खेतीमा प्रोत्साहन दिनुपर्ने ।
- स्थास्थ्य तथा खानेपानी सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- नदि नियन्त्रणको लागि सहयोग गर्नु पर्ने ।
- आयस्तर वृद्धिका विभिन्न कार्यक्रमहरु (सीपमूलक तालिम, पूर्व व्यवसायिक तालिम) आदि संचालन गरि जनताको जिवनस्तर वृद्धि गर्न सहयोग गर्ने ।
- कृषि तथा पशुपालन, साना पूर्वाधार विकास आदिमा सहयोग गर्नुपर्ने ।
- मानव तथा पशुपालनमा २२० के.भी. प्रशारण लाईनवाट पर्ने नकारात्मक प्रभावको जानकारी गराउदै सुरक्षाका उपायहरको वारेमा पनि सचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।

**५.३ परामर्श प्रकृयाको निरन्तरता :**

आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि जनताहरुको उपरोक्त मागहरुको गहन अध्ययनको लागि आयोजना र स्थानिय संगसंगै बसेर निरन्तर छलफल गरिरहने तथा जनमानसमा निरन्तर सहि सुचना प्रवाह गरि कार्यमा पारदर्शिता ल्याउने जस्ता रणनैतिक योजना बनाएर आयोजनाले अघि बढ्नु पर्ने देखिन्छ ।

## ६. पिछडिएका वर्ग तथा उत्पिडित समूदायको सामाजिक आर्थिक जानकारी :

### ६.१ नेपालको सन्दर्भमा पिछडिएका वर्गहरु :

नेपालमा भिन्नाभिन्नै भाषा संस्कृति तथा धर्म भएका करीव १०३ जात जातीहरु वसोवास गर्ने गर्दछ । यी १०३ जातीहरु मध्ये नेपाल सरकारले २०५८ सालमा गरेको वर्गिकरण अनुसार ५९ जातीहरु (आफ्नो छुट्टै पहिचान सहित) पिछडिएका वर्ग अन्तर्गत पर्दछन् ।

नेपालको कूल जनसंख्याको ३७.२१ प्रतिशत (जनगणना २०५८) पिछडिएका वर्गमा पर्दछन् जुन हिमाल पहाड र तराईमा छरिएर रहेका छन् । यस्ता पिछडिएका वर्गहरुको विकासको लागि सरकारले विभिन्न कानुन तथा नीतिहरुको व्यवस्था गरेको छ । तर वास्तवमा यस्ता कानुन तथा नीतिहरु यी वर्गहरु सम्म पुग्न नसक्दा यस्ता वर्गहरु मुलुकको सामाजिक, आर्थिक, सास्कृतिक तथा राजनितिक अधिकारवाट बञ्चित हुन पुगेका छन् । हालका बर्षहरुमा यस्ता पिछडिएका वर्गहरुको हक र अधिकारको वारेमा बोल्न विभिन्न संघ संस्थाहरु स्थापना भएका छन् । नेपाल आदिवासी जनजाती महासंघ (NEFEN) यिनै आदिवासीहरुको लागि स्थापना भएको छाता संगठन हो ।

**यस महासंघले नेपालका आदिवासी जनजातीहरुलाई निम्न ५ समूहमा विभाजन गरेको छ ।**

१) लोपोन्मूख जाती

२) अति सिमान्तिकृत जाती

३) सिमान्तिकृत जाती

४) पिछडिएका जाती

५) विकसित जाती

### ६.२ आयोजना क्षेत्रका पिछडिएका वर्गहरु :

आयोजना क्षेत्रमा विभिन्न जातजातीका मानिसहरुको वसोवास रहेको पाइन्छ । यस क्षेत्रमा लोपोन्मूख जाती हायू देखि लिएर विकसीत जाती नेवार सम्मको अवस्थिती रहेको छ । जनगणना २०५८ अनुसार कूल आयोजना क्षेत्रको जनसंख्यामा यस्ता आदिवासी जनजातीको अनुपात ४७.६ प्रतिशत रहेको देखिन्छ ।

### ६.३ नेपालको सन्दर्भमा दलितहरु :

नेपालको सर्न्दभमा दलित भन्नाले अति जोखिममा रहेका समूदायलाई जनाउदछ जसको सामाजिक तथा आर्थिक अवस्था ज्यादै नै न्यून रहेको हुन्छ र जसले मुलुकको सामाजिक, आर्थिक, राजनितिक तथा अन्य कुनै पनि अधिकारको उपयोग गर्न पाएका हुंदैनन् ।

दलितहरुलाई पनि तिनिहरुको पेशाको आधारमा विभिन्न वर्गमा विभाजन गरिएका छन् । नेपालको राष्ट्रिय दलित संघले यस्ता दलितहरुलाई २२ वर्गमा विभाजन गरेको छ जसमा पहाडि दलितमा ५ र तराई दलितमा १७ वर्गहरु पर्दछन् ।

### ६.४ आयोजना क्षेत्रका दलितहरु :

आयोजना क्षेत्रमा पनि धेरै दलितहरुको बसोबास रहेको पाइएको छ । जनगणना २०५८ अनुसार यस्ता दलितहरुको संख्या कूल जनसख्याको १०.९ प्रतिशत रहेको छ । स्थलगत अध्ययनको आधारमा यस्ता दलितहरुमा शिक्षा तथा सचेतनाको अभाव , सामाजिक पूर्वाधारहरुमा न्यून पहुच, न्यून आर्थिक अवस्था जस्ता समस्याहरु देखिएका छन् । पशुपालन, दाउरा संकलन तथा विक्रि, दैनिक ज्यादालारी कृषि, घरेलु उद्योग आदि यस्ता दलितहरुको प्रमुख पेशा रहेको छ ।

## ७. अभिवृद्धिका उपायहरु :

आयोजनाले पारेको प्रभावलाई न्यूनिकरण गर्न तथा प्रभावित सरोकारवालाहरुले उठाएका सवालहरलाई सम्बोधन गर्न आयोजनाले विभिन्न अभिवृद्धिका उपायहरु संचालन गर्नु पर्ने हुन्छ । प्रस्तुत प्रतिवेदनमा विभिन्न छलफलहरुका आधारमा तयार गरिएका तपसिलमा उललेखित कार्यक्रमहरु तथा क्रियाकलापहरु विभिन्न क्षेत्रमा कार्यान्वयन गर्न सिफारिस गरिएको छ ।

### ७.१ सचेतनामूलक कार्यक्रमहरु :

प्रसारण लाईनले मानिसको स्वास्थ्य तथा स्थानिय वातावरणमा पार्ने प्रभावको वारेमा उपयुक्त जानकारी दिन विभिन्न संचारका माध्यमहरुद्धारा जानचेतना मूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

### ७.२ सामूदायिक पूर्वाधार सहयोग कार्यक्रम :

प्रसारण लाईन सम्बन्धि स्थानिय जनमानसलाई उपयुक्त जानकारी नभएको हुदा निर्माण चरणमा विभिन्न समस्या आउने भएकोले आवश्यक जानचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

१) खानेपानी : पुरानो खानेपानी प्रणालीको मर्मत संभार तथा पूर्ननिर्माण गर्ने ।

२) नदि नियन्त्रण : आयोजना प्रभावित क्षेत्रमा बाढीले असर गर्ने भएमा बाँध बाधि नदि नियन्त्रण गर्न सहयोग गर्ने (ढल्के वस्ती तथा धाफा टोल, तुलसी बाहुनमारा)

३) सिंचाइः सिंचाई सम्बन्धि विभिन्न साना योजनाहरुमा लगानी गरि आयोजना प्रभावित क्षेत्रको खाद्यान्न संकट समस्या समाधान गर्ने ।

४) पुरातात्कि, धार्मिक तथा सांस्कृतक क्षेत्रको संरक्षणः आयोजना क्षेत्र भित्र पर्ने धार्मिक पूरातात्विक तथा सांस्कृतिक क्षेत्र (सिन्धुली गढि किल्ला,भद्रकाली मन्दिर) को संरक्षण गर्ने ।

५) बिद्यालय सहयोग कार्यक्रमः दलित तथा पिछडिएका जोखिम वर्गसंग प्रत्यक्ष सम्वन्ध भएका विद्यालयहरुको विकासको लागि आवश्यक सहयोग गर्ने ।

६) वृक्षरोपण तथा जलस्रोत संरक्षणः आयोजना क्षेत्रमा वृक्षारोपणको लागि आवश्यक सहयोग गर्ने ।

### ७.३ जिवनस्तर अभिवृद्धि तथा आयस्तर वृद्धि कार्यकम

दलित,जोखिम तथा पिछडिएका बर्गहरुको आयस्तर वृद्धि गरि उनिहरुको जिवनस्तर अभिवृद्धि गर्न देहाय बमोजिमका विभिन्न कार्यकमहरु संचालन गर्ने ।

क) कृषि तथा पशुपालन कार्यकम **:**

मौसमी तथा बेमौसमी तरकारी खेती, खसी, बाखा, कुखुरा तथा सुगुर पालन, मौरी पालन, माछापालन, चिया तथा कफी खेती, च्याउ खेती, बागवानी, चारा उत्पादन, अदुवा खेती

ख) सीपमुलक तालिम :

सिकर्मी, डकर्मि, वाइरिङ, प्लम्बिङ, वेल्डिङ, मोवाइल, टिभि रिपयरिङ, कुकिङ, सिलाई बुनाइ

## ८) कार्यान्वयन विधी तथा संस्थागत संरचना

### ८.१ संस्थागत संरचना

यस प्रतिवेदनमा उल्लेखित न्यूनिकरण तथा अभिवृद्धिका उपायहरुलाई कार्यान्वयन गर्ने सम्पूर्ण दायित्व भनेको नेपाल विद्युत प्राधिकरण तथा खिम्ती-ढल्केबर २२० के.भी. प्रशारण लाईन आयोजनाको नै हो । यसबाहेक यस परिमार्जित प्रतिवेदन अर्न्तगतका विभिन्न कार्यक्रमहरु संचालन गर्ने जिम्मा ने.वि.प्रा. अर्न्गतको वातावरण तथा सामाजिक अध्ययन विभागको रहेको छ । ने.वि.प्रा. ले आयोजना प्रमुख तथा वातावरण तथा सामाजिक अध्ययन विभागको माध्यमवाट नै आयोजना प्रभावित व्यक्ती तथा समुदायहरुको गुनासो सुन्ने र सोही बमोजिम आफ्नो क्रियाकलापहरु संचालन गर्ने गर्दछ । सम्रगमा ने.वि.प्रा. ले परिमार्जित प्रतिवेदनका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि एउटा टिम तयार पार्नेछ जसमा स्थानिय स्तरमा कार्य गरेको स्थानिय गैर सरकारी संस्था, सम्पर्क अधिकृत तथा सामुदायिक सम्पर्क अधिकृत हुने गर्दछन् ।

साथै आयोजनालाई ने.वि.प्रा. को वातावरण तथा सामाजिक अध्ययन विभागले पूर्ण रुपमा सहयोग गर्नेछ । वातावरण तथा सामाजिक अध्ययन विभागले विभिन्न समयावधिमा कार्यक्रमहरु कार्यान्वयन भए नभएको अनुगमन गरि प्रगति विवरण आयोजनामा पेश गर्नेछ ।

त्यसैगरी दातृसंस्था विश्व बैंकले पनि स्थानिय स्वतन्त्र वाह्रय परामर्शदातृ संस्था मार्फत प्रस्तावक, आयोजना र ठेकेदार कम्पनीले प्रतिवेदनमा उल्लेख गरिएका मापदण्ड अनुसार कार्य भए नभएको अनुगमन गर्नेछ । दातृ संस्था मार्फत गरिने अनुगमन विषेश गरी नेपालको प्रचलित ऐन, नियम तथा विश्व बैकका वातावरण तथा सामाजिक सुरक्षा नीति, निर्देशिका र जोखिम समुदायको विकास योजना प्रतिवेदनमा उल्लेखित ब्यवस्था अनुसार आयोजना कार्यान्वयन भए/नभएको अनुगमन गर्नेछ । दातृ निकायले विशेषत: ऋण संभ्mौतामा उल्लेखित कुराहरु पालना भए/नभएको समेत अनुगमन गर्नेछ ।

### ८.२ कार्यान्वयन तालिकाः

कार्यान्वयन १ बर्षको रहने छ ।

| क्रियाकलापहरु | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. योजना तर्जुमा खिम्ती ढल्केबार परिमार्जित भि.सि.डि.पी. कार्यान्वयन यूनिट तथा स्थानिय स्थापना | ■ | | | | | | | | | | | |
| २. सामुदाय परिचालन तथा क्रियाकलाप कार्यान्वयन | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. अनुगमन | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ४. अनुगमन तथा प्रोग्रेस रिर्पोट पेश गर्ने । | | | ■ | | | ■ | | | ■ | | | ■ |

## ८.३ गुनासो व्यवस्थापन संयन्त्रः

यदि आयोजनाले गरेको कुनैपनि निर्णय अथवा कार्यप्रति आयोजना प्रभावित व्यक्तीहरुलाई कुनैपनि किसिमको असन्तुष्टि छ भने त्यस्तो असन्तुष्टि व्यक्त गर्न तथा त्यस उपर अध्ययन गर्न एउटा छुट्टै गुनासो व्यवस्थापन संयन्त्रको स्थापना गरिने छ । प्रस्तावित संन्यत्रमा गुनासो समाधानार्थ निम्न ४ तहमा कार्य हुन्छ ।

*तह-१ सम्पर्क अधिकृत (संचार)*

आयोजनाको कार्यप्रति आयोजना प्रभावित व्यक्तीहरुलाई कुनैपनि असन्तुष्टि अथवा गुनासो रहेमा सर्वप्रथम निजले सम्पर्क अधिकृतको समक्ष आफ्नो गुनासो राख्न सक्नेछन् । यसरी प्राप्त भएका गुनासाहरुलाई सम्पर्क अधिकृतले राम्ररी अध्ययन गरेर आवश्यक भएमा सम्वन्धित क्षेत्रमा गएर भएपनि प्राप्त भएको मितिले १५ दिन भित्र समाधान गरिसक्नु पर्दछ ।

*तह-२ आयोजना प्रमुखः*

सम्पर्क अधिकृत वाट उक्त समस्याको समाधान नभएको खण्डमा प्रभावित व्यक्तीले आपनो गुनासो लिएर आयोजना प्रमुखको मा जान सक्नेछ । आयोजना प्रमुखले उक्त समस्या उपर छलफल गर्न एउटा सर्वदलिय मिटिङ राख्न सनेक्छन् जसमा प्रभावित व्यक्ती वा परिवार, आयोजनाका फिल्ड स्टाफ तथा अन्य सम्बन्धित व्यक्तीहरु सहभागी हुनेछन् । यसरी आयोजना प्रमुखले चाडो (प्राप्त भएको मितिले १५ दिन भित्र) एउटा निर्णयमा पुग्नु पर्दछ ।

*तह-३ प्रमुख जिल्ला अधिकारी*

आयोजना प्रमुखवाट पनि आफनो गुनासोको उचित सुनुवाई नभएमा प्रभावित व्यक्ती वा परिवारहरुले आफनो गुनासो लिएर प्रमुख जिल्ला अधिकारी समक्ष जान सक्नेछन् । यसरी प्रमुख जिल्ला अधिकारी समक्ष जादा प्रभावित व्यक्तीले आवश्यक कागतपत्र तथा प्रमाणहरु लिएर जानुपर्दछ । प्रमुख जिल्ला अधिकारीले पनि यसरी प्राप्त भएको गुनासोको प्राप्त भएको मितिले १५ दिन भित्र निर्णय गरिसक्नु पर्नेछ ।

*तह-४ अदालत*

प्रमुख जिल्ला अधिकारीवाट गरिएको निर्णय पनि सम्वन्धित व्यक्तीलाई चित्त नबुझे जिल्ला अदालतमा गुनासो दर्ता गर्ने अधिकार रहन्छ । जिल्ला अदालतले यसरी दर्ता भएको गुनासो उपर दर्ता भएको मितिले ३५ दिन भित्र निर्णय गरिसक्नु पर्दछ ।

## ९. अनुगमन तथा मूल्याङ्कन

### ९.१ पृष्ठभूमी

कुनैपनि आयोजनाको प्रमुख उद्देश्य भनेको नै उपयुक्त तथा प्रभावकारी उपायहरुको माध्यमवाट आयोजना प्रभावित व्यक्ति वा समूदायको जिवनस्तरमा वृद्धि गर्नु अथवा उनीहरुलाई आयोजना पूर्वको अवस्थामा नै यथावत राख्नु हो । तसर्थ आयोजनाको सहि कार्यान्वयनको लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु पर्दछ ।

### ९.२ अनुगमन

आयोजनाले संचालन गरेको विभिन्न क्रियाकलापहरुको गहन अनुगमन नेपाल विद्युत प्राधिकरण अन्तर्गतको वातावरण तथा सामाजिक अध्ययन विभागले गर्ने छ । यस्तो अनुगमन अर्तगत देहायका कार्यहरु पर्दछन् ।

| | |
|---|---|
| १) प्रशासनिक अनुगमनः | कार्यान्वयन प्रकृया निर्धारित समयमा भए नभएको हेर्ने तथा समस्याहरुलाई निश्चित समय भित्र समाधान गर्ने । |
| २) सामाजिक आर्थिक अनुगमन : | आयोजनाको कार्यान्वयनवाट सामाजिक आर्थिक अवस्थामा आएको परिर्वतनको अनुगमन गर्ने । |
| ३) समष्टिगत अनुगमन : | प्रभावित व्यक्तिहरुको समष्टिगत अवस्थाको अनुगमन गर्ने । |
| ४)प्रगति विवरणको तयारी : | निर्धारित लक्ष्य प्राप्तीको प्रगति विवरण तथा लक्ष्य प्राप्त गर्न नसकुनका कारणहरुको विवरण नेपाल विद्युत प्राधिकरण समक्ष पेश गर्ने । |

यसै गरी जोखीम समूदाय विकास योजनाका कार्यक्रमहरु अनुगमन अर्न्तगत स्थलगत अनुगमन पनि गर्नु पर्दछ । जस अन्तर्गत निम्न प्रकृया अवलम्ब गर्ने ।

- दलित, पिछडिएका तथा महिला प्रधान घरपरिवारको राय तथा विचार सर्वेक्षण गर्ने ।
- दलित, जोखिम तथा पिछडिएका वर्गहरुसंग छलफल तथा परामर्श गर्ने ।
- मुख्य सूचनादाताहरुको अन्तरवार्ता लिने ।
- सहभागितामूलक अन्तरकृया कार्यक्रम संचालन गर्ने ।
- निर्धारित समूहसंग छलफल गर्ने ।
- स्थलगत निरीक्षण गर्ने ।

**९.३ रिपोटिङ्ग :**

नेपाल विद्युत प्राधिकरणको वातावरण तथा सामाजिक अध्ययन विभागले अनुगमन प्रतिवेदन चौमासिक रुपमा तयार गरि आयोजना कार्यालयमा वुझाउनेछ र आयोजनावाट सम्बन्धित निकायहरुमा वुझाउने छ भने अन्तिम कार्यान्वयन प्रतिवेदन कार्य सम्पादन भईसकेपछि वुझाउनु पर्नेछ ।

**९.४ प्रभाव मूल्याङ्कन :**

१ वर्षको कार्यान्वयन अवधि पूरा भईसकेपछि मूल्याङ्कन कार्य शुरु हुने छ । मूल्याङ्कन कार्य अन्तर्गत निम्न कार्यहरु पर्दछन् ।

- निर्धारित क्रियाकलापहरुको आधारमा परिमार्जित जोखिम समूदाय विकास योजनाको मूल्याङ्कन ।
- योजनामा निर्धारण गरे वमोजिमका कार्याक्रमहरुवाट प्राप्त नतिजाको मुल्याङ्कन ।
- प्रभावित परिवारको जिवनस्तरमा परेको प्रभाव अध्ययन गर्न सामाजिक आर्थिक मूल्याङ्कन ।

**९.५अनुगमन तथा मूल्याङ्कन संयन्त्र :**

आयोजनाले नियमित रुपमा संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने छ । कार्यान्वयनको प्रथम ६ महिना सम्म मासिक प्रगति विवरण प्रतिवेदन तथा त्यसपछि चौमासिक प्रगति प्रतिवेदन तयार गर्ने छ । यस्तो अनुगमन तथा मूल्याङ्कन परिणाम, प्रभाव सुचकक तथा उत्पादन आदिको आधारमा तयार गरिने छ ।

## १०. अनुमानित बजेट :

यस परिमार्जित जोखिम समूदाय विकास योजना कार्यक्रम कार्यान्वयन गर्न कूल अनुमानि रकम रु. २ करोड ५ लाख २४ हजार ६ सय २५ लाग्नेछ । जसमा क्षतिपूर्ति तथा पून-निर्माण लागत समावेश गरिएको हुदैन । कार्यक्रम लागत खिम्ती ढल्केबर प्रशारण लाईन आयोजनाले नेपाल विद्युत प्राधिकरणको माध्यमवाट लगानी गर्नेछ ।

बजेट अनुमान

| क्र.सं. | योजना, कार्यक्रम तथा क्रियाकलापहरु | युनिट/दर | रकम रु. | |
|---|---|---|---|---|
| | | | युनिट रकम | कूल रकम |
| १ | सचेतनामूलक कार्यक्रम | सरदर | ३,००,०००।– | ३,००,०००।– |
| २ | सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम | सरदर | २५,००,०००।– | १,०३,००,०००।– |
| ३ | जिवनस्तर अभिवृद्धि तथा आयस्तर वृद्धि कार्यक्रम | सरदर | २०,००,०००।– | २०,००,०००।– |
| ४ | पूर्व व्यवसायिक सीपमूलक तालिम कार्यक्रम | सरदर | | ३६,२५,०००।– |
| . | कुल .(जम्मा १ देखी ४) | | | १,६२,२५,०००।– |
| | विविध/आकस्मिक | १०% | | १६,२२,५००।– |
| | कूल कार्यक्रम लागत | | | १,७८,४७,५००।– |
| | कार्यान्वयन/अनुगमन लागत<br>(कार्यक्रम लागतको १५%) | | | २६,७७,१२५।– |
| | जम्मा : | | | २,०५,२४,६२५।– |